annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ९६ पृष्ठ ८ | काठमाडौं, आइतबार १८ साउन २०८२ | श्रावण शुक्लपक्ष नवमी नेपाल संवत् ११४५ | SUNDAY, AUGUST 3, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी


# मधेस संकटको कारक : पानी मात्रै होइन, प्रणाली

मधेस प्रदेशमा देखिएको जल संकट सतहमा पानीको कमीसँग जोडिए पनि यसको मूल जरा गहिरो छ- खराब नीति, कमजोर संस्थागत समन्वय र दीर्घकालीन पूर्वाधारको अभाव । साउन ६ गते संघीय सरकारले मधेसलाई 'विपद् संकटग्रस्त क्षेत्र' घोषणा गरे पनि, त्यही समाधान होइन ।

समाचार पृष्ठ २

सुनिता कार्की | *काठमाडौं*

– को रिपोर्ट




**मधेस प्रदेशमा सञ्चालित सिँचाइ आयोजना र क्षेत्रफल (हेक्टरमा)**

| | |
|---|---|
| हडियानाथ सिँचाइ प्रणाली (धनुषा) | २००० |
| नुनथर सिँचाइ (दोस्रो चरण) (सर्लाही) | ३२०० |
| नुनथर सिँचाइ (पहिलो चरण) (सर्लाही) | २००० |
| सदुवा सिँचाइ प्रणाली (सर्लाही) | १६०० |
| झाँझ सिँचाइ प्रणाली (रौतहट) | ४००० |
| किलानहर पम्प प्रणाली (सिराहा) | १९२३९ |
| कोशी पम्प नहर (सप्तरी) | १३१८० |
| किलानहर पूर्वी प्रणाली (धनुषा) | १८६२० |
| चन्द्र नहर (सप्तरी) | १०५०० |
| नारायणी सिँचाइ (बारा) | १२७०० |
| बागमती पश्चिमी प्रणाली (सर्लाही) | २३००० |
| बागमती पूर्वी प्रणाली (रौतहट) | २२६०० |
| नारायणी सिँचाइ (पर्सा) | १६००० |
| कोशी वितरण प्रणाली (सप्तरी) | ११३०० |

## राष्ट्रपति पौडेल र प्रधानमन्त्री ओलीबीच भेटवार्ता



**काठमाडौं** (अन्नपूर्ण) : राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानमन्त्री केपी शर्मा ओलीबीच भेटवार्ता भएको छ। उनीहरूबीच शनिबार राष्ट्रपति कार्यालय शीतल निवासमा भेटघाट भएको हो। भेटमा समसामयिक राजनीतिक र राष्ट्रपतिले फिर्ता पठाएका संवैधानिक परिषद्सम्बन्धी विधेयकका विषयमा छलफल भएको स्रोतले जनाएको छ।

प्रतिनिधिसभा र राष्ट्रियसभाबाट पारित भएको संवैधानिक परिषद्सम्बन्धी संशोधन विधेयक प्रमाणीकरणका लागि गत ३१ असारमा राष्ट्रपतिसमक्ष पठाइएको थियो। तर राष्ट्रपति पौडेलले पुनर्विचारका लागि विधेयक उत्पत्ति भएकै सभामा फिर्ता पठाएका थिए। यस्तै भेटमा प्रधानमन्त्री ओलीले आफ्नो विदेश भ्रमणबारे पनि जानकारी गराएको जनाइएको छ।

## बाढीले क्षतिग्रस्त रसुवागढी जलविद्युत्को अध्ययन सुरु

**हिमनाथ देवकोटा** | *काठमाडौं*

बाढीले क्षति गरेपछि उत्पादन बन्द भएको १ सय ११ मेगावाट क्षमताको रसुवागढी जलविद्युत् आयोजनाको अध्ययनको काम अघि बढेको छ। गत असार २४ गते भोटेकोशी नदीमा आएको बाढीले क्षति गरेको आयोजनाको अध्ययनको काम अघि बढेको हो।

चिलिमे इन्जिनियरिङ एन्ड सर्भिस कम्पनी (चेसो)ले पावरहाउस र एनईए इन्जिनियरिङ कम्पनीले हेडवर्क्सको अध्ययन गर्ने छ। आयोजना प्रमुख तथा निमित्त प्रमुख कार्यकारी अधिकृत सत्यराम ज्याख्वका अनुसार दुवै कम्पनीले आयोजनामा भएको क्षति, पूर्ण संरचना निर्माण र उत्पादन लगायतका बारेमा अध्ययन गरेर प्रतिवेदन तयार पार्ने छन्।

दुवै टोलीले आयोजनाको अवलोकन गरिसकेको छ। पहिलो चरणमा बाढीले पुऱ्याएको क्षतिको विवरण तयार हुनेछ। त्यसपछि थप कामहरू अघि बढाउने आयोजनाले जनाएको छ।



आयोजनामा अहिले हेडवर्क्सको क्लियरिङको काम भइरहेको उनले बताए। 'अहिले हेडवर्क्स क्लियरिङको काम भइरहेको छ। बाढीले पुरेको ठाउँलाई क्लियर नगर्दासम्म क्षतिको एकिन विवरण आउन सक्दैन। यसका लागि हामीले काम गरिरहेका छौं।' यसका लागि २५ जना जनशक्तिले दैनिक काम गरिरहेका छन् भने दुईवटा स्काभेटरको प्रयोग गरिएका छन्।

यो आयोजना चिनियाँ ठेकेदार चाइना इन्टरनेसनल वाटर एन्ड इलेक्ट्रिक कर्पोरेसन (सीडब्लूई)ले निर्माण गरेको हो। आयोजना निर्माण गरेको सीडब्लूईका टोली आएर क्षतिको अवस्था हेर्ने छन्। आयोजना प्रमुख ज्याख्वका अनुसार अहिले सीडब्लूईसँग कुराकानी भइरहेको छ।


## बन्धक नछुटे युद्ध रोकिँदैन : इजरायल

**जेरुसेलम** (एजेन्सी) : इजरायलका शीर्ष जनरल इयाल जमिरले चेतावनी दिएका छन्। यदि गाजामा रहेका बन्धकहरूको छिटो रिहाइबारे सम्झौता हुन सकेन भने युद्ध जारी रहने उनको भनाइ छ।

लेफ्टिनेन्ट जनरल जमिरले गाजाका अधिकारीलाई सम्बोधन गर्दै भने, 'बन्धकहरूको रिहाइमा सहमति नभएसम्म लडाइँ रोकिन्न।' उनले सेनाको कमान्ड सेन्टरमा सैनिक र अधिकारीहरूसँगको भेटघाटको भिडियो पनि सार्वजनिक भएको छ।

यसैबीच, प्यालेस्टिनी सशस्त्र समूहहरूले यस हप्तामात्रै बन्धकहरूको दुईवटा भिडियो सार्वजनिक गरेका छन्। अमेरिका, इजिप्ट र कतारको मध्यस्थतामा युद्धविराम र बन्धकको रिहाइका लागि वार्ता भए पनि हालसम्म सहमति हुन सकेको छैन। अन्तर्राष्ट्रिय समुदायले युद्ध रोक्न दबाब दिइरहेका छन्।

गाजामा मानवीय संकट गहिरिँदै गएको सहायता एजेन्सीहरूको चेतावनी छ–इजरायली नाकाबन्दीका कारण जनताले विनाशकारी अनिकालको सामना गरिरहेका छन्।




# किन बल्झिरहन्छ दाहाल–शर्मा विवाद ?

### पार्टी पुनर्गठन र पुस्तान्तरणको बहसले माओवादीभित्र फेरि चर्कियो मतभेद

**राजकरण महतो** | *काठमाडौं*



माओवादी केन्द्रभित्र पछिल्ला दिनहरूमा नेतृत्वको स्वरूप, संगठनको संरचना र पार्टीको भावी दिशा-निर्देशन बारेको बहस सतहमा आएको छ। अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र उपमहासचिव जनार्दन शर्माबीचको विचारगत अन्तरले नेतृत्व हस्तान्तरण, पार्टी पुनर्गठन र पुस्तान्तरणको बहसलाई थप चरम रूप दिएको छ। पार्टी महाधिवेशन नजिकिँदै गर्दा यी विषय केन्द्रीय बन्न पुगेका छन्। शुक्रबार सुरु भएको स्थायी कमिटी बैठकमा नेतृत्व हस्तान्तरणको विषय केन्द्रमा छ। उपमहासचिव शर्माले विगतदेखि नै उठाउँदै आएको नेतृत्व सन्दर्भ फेरि एकपटक गहिरिएर बाहिरसम्मै आएको हो। अध्यक्ष प्रचण्ड र शर्माबीचको बहस सार्वजनिक मञ्चमा समेत पुग्न थालेपछि पार्टीभित्रको अन्तरसंघर्ष अब केवल आन्तरिक नरहेर आम चासोको विषय बनेको छ।

**विचार, प्रक्रिया र नेतृत्वको बहस**

माओवादी केन्द्रको नेतृत्व लगभग साढे तीन दशकदेखि अध्यक्ष प्रचण्डले गरिरहेका छन्। यसबीच विभिन्न विभाजन र समायोजन भइसके पनि पार्टीको शिखर नेतृत्वमा परिवर्तन आएको छैन। पछिल्लो समय उपमहासचिव शर्माले पार्टीभित्र वैचारिक स्पष्टता, सांगठनिक पारदर्शिता र नेतृत्वको पुस्तान्तरण आवश्यक रहेको बताउँदै आएका छन्।

शर्माले स्थायी कमिटी बैठकमा प्रस्तुत गरेको १४ पृष्ठ लामो दस्तावेजमा पार्टी पुनर्गठनको खाका प्रस्तुत गरिएको छ। त्यसमा पार्टीको आन्तरिक संरचना, विधि र नीति निर्माणमा देखिएको अपारदर्शिता, नेतृत्वको एकलाधिकार र सांगठनिक स्खलनबारे गम्भीर प्रश्न उठाइएका छन्। शर्माको तर्क छ– माओवादी केन्द्रले जनताको विश्वास पुन: आर्जन गर्न संगठनभित्र ठूला सुधार आवश्यक छ।

अर्का उपमहासचिव गिरिराजमणि पोखरेलले शर्माले उठाएका सवालमा अध्यक्ष प्रचण्डले परामर्श बैठक बसेर छलफलबाटै निकास निकाल्ने बताए। 'अध्यक्षले यसअघि नेता शर्माले उठाउनुभएका विषयहरू परामर्श बैठकबाट सम्बोधन गर्नुभयो। पार्टीभित्रको एकतालाई बलियो बनाउन सबैमा अध्यक्षले आग्रह गर्नुभएको छ', बैठकमा प्रचण्डले बोलेका विषयलाई समेत उद्धृत गर्दै पोखरेलले भने, 'स्थायी कमिटी बैठकमा सबै नेताहरूले कुरा राख्नुहुन्छ। त्यसमा जनार्दनजीले पनि आफ्नो कुरा राख्नुहोला। त्यसपछि कुनै निचोड आउने छ।'

**मतभेद : आत्मसमीक्षा र अनुशासनबीचको दोधार**

अध्यक्ष प्रचण्डले भने सार्वजनिक अभिव्यक्तिमा संयम आवश्यक रहेको तर्क गरेका छन्। स्थायी कमिटी बैठकको सुरुआतमै बोल्दै उनले भने, 'पार्टीभित्र छलफल र बहसको ठाउँ छ, तर सार्वजनिक मञ्चमा उठाइएका केही अभिव्यक्तिले अनुशासनको सीमा नाघेको देखिन्छ।'

उनले संगठनभित्र अनुशासन कायम राख्दै बहसको सीमा तय हुनुपर्नेमा जोड दिएका छन्। उता शर्माको भनाइमा, बहसबिना परिवर्तन सम्भव छैन। सार्वजनिक छलफल र बहस नै माओवादीको मूल चरित्र हो।

यसबीच उपाध्यक्ष एवं प्रवक्ता अग्नि सापकोटाले स्थायी कमिटी बैठकपछि प्रतिक्रिया दिँदै पार्टीमा सुधार र पुनर्संरचनाको खाँचो भएको बताए।

बाँकी पृष्ठ ६